बैठक संख्या : १०

आज मिति २०७४ साल मंसिर २८ गतेका दिन गाउपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्युको अध्यक्षतामा गाउ कार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतरा | उपाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री बिर्षराम बोहोरा | सदस्य |
| श्री कालि बहादुर रावत | सदस्य |
| श्री हिल्ल बहादुर बुढा | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बुढा | सदस्य |
| श्री जानकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैत्री ऐंडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री चन्द्र सिंह रोकाय | सदस्य |
| श्री राम बहादुर बुढा,प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |
| श्री मल्लीलाल बुढा | |

आमन्त्रितहरु

श्री नारायण पाण्डे

श्री अभय राज रेग्मी

श्री नैन बुढा

श्री बिपिन ब. बुढा

बैठकका एजेण्डाहरु

- ❖ आ.व.०७४/७५ को लक्षित वर्ग सम्बन्धी कार्यक्रम सम्बन्धमा
- ❖ शिक्षा पूर्वाधार तथा विद्यालय फर्निचर सम्बन्धमा
- ❖ वडागत अनुगमन सम्बन्धमा
- ❖ संस्कृति प्रबर्द्धन कार्यक्रम/योजना सम्बन्धमा
- ❖ अन्य विविध

Scanned with CamScanner

## निर्णयहरु

निर्णय नं.–१

पातारासी गाउ कार्यपालिकाका सदस्य एवं वडा नं.१ का वडा अध्यक्ष श्री दत्त बहादुर बुढाका पुजनीय पिता वर्ष ६६का लालचन्द्र बुढाको मिति २०७४ साल मंसिर २६ गतेका दिन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा असमायिक निधन भएकोमा पातारासी गाउकार्यपालिका हार्दिक समवेदना प्रकट गर्दै शोकाकुल परिवारजन प्रति धैर्यधारण शक्ति प्रदान गर्न निर्णय पारित गरियो ।

निर्णय नं.–२

आ.व.०७४/७५ को लक्षित वर्गको कार्यक्रमका लागि विनियोजित बजेटबाट देहायका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न देहाय बमोजिम बजेट विनियोजन गर्ने निर्णय भयो ।

तपसिल

### आ.व.०७४/७५ को लक्षित वर्ग कार्यक्रम

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | बार्षिक विनियोजन रकम | संशोधित स्विकृत रकम | क्षेत्रगत विनियोजन रकम | कार्यक्रमगत विनियोजन रकम |
|---|---|---|---|---|---|
| | लक्षित समूह क्षमता विकास | २५०० | २००० | | |
| क) | विपन्न महिला सम्वन्धी कार्यक्रम | | | ५०० | |
| | □ गाउपालिका स्तरिय महिला सञ्चालहरुको अन्तरक्रिया कार्यक्रम | | | | २०० |
| | □ छाउपडि मुक्त वडा घोषणा कार्यक्रम | | | | ५० |
| | □ वडा स्तरिय महिला सञ्जाल गठन कार्यक्रम | | | | १७५ |
| | □ महिला हिंसा व्यवस्थापन कार्यक्रम | | | | ७५ |
| ख) | विपन्नवालवालिका सम्वन्धी कार्यक्रम | | | ५०० | |
| | □ ७ वटै वडामा विद्यालय भर्ना अभियान कार्यक्रम | | | | १५० |
| | □ शिघ्र कूपोषित बालबालिकाहरुको पहिचान गरी OTC मा ल्याइ ४२ दिन सम्म उपचार गरि घर फिर्ता पठाएमा सो महिला स्वास्थ्य स्यम सेविकालाई प्रति केश रु.५००।०० प्रदान गर्ने । अनुमानित १०० जना) | | | | ५० |
| | □ बाल विकास केन्द्रहरुलाई शैक्षिक सामाग्री र विद्यालय व्यवस्थापन सामाग्री | | | | १५० |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | वितरण | | | | |
| | बालविवाह न्युनिकरण सम्बन्धी होर्डिङ बोर्ड लेखन कार्यक्रम | | | | १५० |
| ग) | अन्य लक्षित वर्ग सम्बन्धी कार्यक्रम | | | १००० | |
| | आदिवासीजनजाति सम्बन्धी कार्यक्रम | | | | ३०० |
| | दलित उत्पिडित सम्बन्धी कार्यक्रम | | | | ३५० |
| | क) आरन सम्बन्धी तालिम रु.१ लाख | | | | |
| | ख) पञ्चेबाजा तालिम रु.१ लाख | | | | |
| | ग) गाउपालिका स्तरिय दलित उत्थान समिति गठन रु.१ लाख ५० हजार | | | | |
| | जेष्ठनागरिक सम्बन्धी कार्यक्रम | | | | २५० |
| | क) आंखा शिविर सञ्चालन सहयोग,रु.२५००० | | | | |
| | भिन्नक्षमता भएका सम्बन्धी कार्यक्रम | | | | १०० |
| | जम्मा : | २५०० | २००० | २००० | २००० |

निर्णय नं.–३

आ.व.०७४/७५ को शिक्षा पूर्वाधार तथा विद्यालय फर्निचर कार्यक्रमका लागि विनियोजित बजेटबाट देहायका विद्यालयहरुमा देहाय बमोजिम योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट विनियोजन गर्ने र बांकी विद्यालयका लागि अनुगमनबाट प्राप्त प्रतिवेदन अनुसार बजेट विनियोजन गर्ने निर्णय भयो ।

तपसिल

क) महारुद्ध आधारभुत विद्यालय,पटमारा,वडा नं.७

फर्निचर खरिद कार्यक्रम रु.२,५०,०००।००

ख) भगवती आधारभुत विद्यालय,उर्थु,वडा नं.६

छात्रमैत्री शौचालय निर्माण रु.१,००,०००।००

ग) ऋणमोक्ष मा.वि.फिल्ड निर्माण रु.१,००,०००।०० र सौर्य उर्जा प्रणाली मर्मत र ईन्भर्टर खरिद रु.१,२०,०००।००

Scanned with CamScanner

निर्णय नं.–४

पातारासी गाउपालिकाका वडा अध्यक्ष ज्यूहरुलाई भौगोलिक समावेशीको विकास गर्न वडाहरुको अध्ययन अवलोकन तथा आ.व.०७४/७५ मा सञ्चालित हालसम्मका विभिन्न योजना/कार्यक्रमहरुको अनुगमन गर्नका लागि गाउ कार्यपालिकाका उपाध्यक्ष श्री पुन्नकली महतराज्युको संयोजकत्वमा देहाय बमोजिमा अनुगमन टोली गठन गर्ने र २०७४ साल पौष १ गतेदेखि अनुगमन कार्यको प्रारम्भ गर्ने निर्णय भयो । साथै उक्त टोलीले २०७४ साल पौष १० गते भित्र अनुगमन प्रतिवेदन बुझाउने निर्णय भयो ।

तपसिल

क) वडा नं.१,२ र ३ संयोजक श्री पुन्नकली महतरा
श्री काली बहादुर रावत
सदस्य श्री लाल बहादुर बुढा
सदस्य श्री धन बहादुर थापा
सदस्य श्री डिल बहादुर बुढा
सदस्य श्री माया बुढा
सदस्य श्री जालकली बुढा
सदस्य श्री लक्ष्मी बोहोरा
कर्मचारी श्री लक्ष्मीकान्त न्यौपाने,ना.सु.
कर्मचारी श्री मान बहादुर बिष्ट,प्रा.स.

ख) वडा नं.४,५,६ र ७ संयोजक श्री बिर्षराम बोहोरा
सदस्य श्री कन्न बोहोरा
सदस्य श्री चन्द्रसिंह ऐडी
सदस्य श्री पानकली नेपाली
सदस्य श्री चैती ऐडी
सदस्य श्री मैना कामी
कर्मचारी श्री भक्तिलाल बुढा,ना.सु.
कर्मचारी श्री बिर्ख नेपाली

Scanned with CamScanner

निर्णय नं.–५

आ.व.०७४/७५ को संस्कृति प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित बजेटबाट सञ्चालन गरिने कार्यक्रमहरु अनुगमन प्रतिवेदनको आधारमा बजेट निनियोजन गर्ने निर्णय भयो ।

निर्णय नं.६

चुकेनी जलविद्युत सहकारी आयोजनाका लागि गाउपालिका स्तरिय शेयर खरिद कार्यलाई प्रोत्साहित गर्न सम्बन्धित वडा अध्यक्षज्यूको अध्यक्षतामा सहकारीका दुई जना सदस्य समेत तीन जनाको शेयर खरिद समिति गठन गर्ने निर्णय भयो ।

निर्णय नं.–७

पातारासी गाउपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा विरामी दर्ता शुल्क र पशु सेवा केन्द्रहरुमा पशु दर्ता शुल्कमा एकरुपता कायम हुने गरी देहाय बमोजिम शुल्क निर्धारण गर्ने निर्णय भयो ।

तपसिल

क) स्वास्थ्य चौकी बिरामी नाम दर्ता रु.१०।००

ख) पशु सेवा केन्द्र पशु नाम दर्ता रु.१०।००

निर्णय नं.–८

पातारासी गाउपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरु र विभिन्न विद्यालयहरुमा सोलर बत्ती जडानका लागि नियमानुसार लागत सहभागिता व्यहोर्ने गरी देहायका स्वा.चौ.र विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।

तपसिल

क) स्वास्थ्य चौकी तर्फ

१) पटमारा स्वा.चौ. वडा नं.६

२) डिल्लीचौर स्वा.चौ. वडा नं.४

३) छुमचौर स्वा.चौ. वडा नं.३

Scanned with CamScanner

४) पातारासी स्वा.चौ. वडा नं.१

ख) विद्यालय तर्फ

१) गंगा मा.वि. पेरे,वडा नं.१

२) सरस्वती मा.वि. तल्फी,वडा नं.२

३) मालिका मा.वि. लोटचौर,वडा न..३

४) शंकर आधारभुत विद्यालय,लोर्पा,वडा नं.५

५) भगवती आधारभुत विद्यालय,उर्थु,वडा नं.६

६) सरस्वती मा.वि. रिनी,वडा नं.७

७) महारुद्र आधारभुत विद्यालय,पटमारा,वडा नं.७

निर्णय नं.–९

पातारासी गाउपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरु अन्तर्गतका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध हुने गरी ४० वटा स्ट्रेचर खरिद गरि वितरण गर्ने र सोही बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.–१०

पातारासी गाउपालिका अन्तर्गतका स्वास्थ्य सम्बन्धी ल्यापटेस्ट गर्न छुमचौर स्वास्थ्य चौकी,वडा नं.३ मा स्वास्थ्य प्रयोगशाला स्थापनाका लागि स्वास्थ्य प्रयोगशाला वापत विनियोजन भएको रकमबाट ल्याप सामाग्री खरिद गर्ने र गाउपालिका स्तरिय एक जना ल्याप असिस्टेन्ट( खरिदार स्तर) को कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.–११

पातारासी गाउपालिका अन्तर्गतको वडा नं.३,छुमचौर स्वास्थ्य चौकी जानेबाटो मर्मतका लागि प्राविधिक लागत अनुमान तयार गरी मर्मत कार्य अगाडी बढाउने निर्णय गरियो ।